आज मिति २०७७ साल वैशाख ५ गतेका दिन प्रमुख श्री नर वहादुर थापा मगरज्यू को अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक वसी देहायको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) नगरपालिका प्रमुख श्री नर वहादुर थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २) नगरपालिका उप-प्रमुख श्री सृजना खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३) वडा अध्यक्ष वडा नं.१ श्री नर वहादुर थापा क्षेत्री<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४) वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५) वडा अध्यक्ष वडा नं.३ श्री भूपाल राज श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६) वडा अध्यक्ष वडा नं. ४ श्री टुपेन्द्र बहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७) वडा अध्यक्ष वडा नं. ५ श्री भिम वहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८) वडा अध्यक्ष वडा नं. ६ श्री धन वहादुर खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९) वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १०) वडा अध्यक्ष वडा नं.८ श्री केदार कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११) वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

Scanned with CamScanner

१२) कार्यपालिका सदस्य श्री जमुना हायू सदस्य
रामेछाप नगरपालिका रामेछाप

१३) कार्यपालिका सदस्य श्री समिता वि.क. सदस्य
रामेछाप नगरपालिका रामेछाप

१४)कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की सदस्य
रामेछाप नगरपालिका रामेछाप

१५) कार्यपालिका सदस्य श्री रुकुम हायू सदस्य
रामेछाप नगरपालिका रामेछाप

१६) कार्यपालिका सदस्य श्री सरोज कटुवाल सदस्य
रामेछाप नगरपालिका रामेछाप

१७) कार्यपालिका सदस्य श्री जनकराज सुनुवार सदस्य
रामेछाप नगरपालिका रामेछाप

१८) कार्यपालिका सदस्य श्री अनिता काफ्ले सदस्य
रामेछाप नगरपालिका रामेछाप

१९) कार्यपालिका सदस्य श्री कविता रिसाल सदस्य
रामेछाप नगरपालिका रामेछाप

२०) प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेल सदस्य सचिव
रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप

**छलफल तथा प्रस्तावहरुः**

१) लक्षित परिवारको तथ्यांङ्क संकलन तथा राहत वितरण सम्वन्धमा ।

२) पुष्पलाल कोलञ्जोर घाट (नगर गौरव) सडक योजनाको कार्य प्रगति सम्वन्धमा ।

३) आगामी आ.व.को लागि प्रदेश सरकार समक्ष पठाउने समपुरक र विशेष कोष तर्फका योजना छनौट गर्ने सम्वन्धमा ।

४) कोभिड–19 रोग रोकथाम तथा नियन्त्रणमा खटिने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने सम्वन्धमा ।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६ को उपदफा ४ (क) २ बमोजिम पेश गरिएको ।

Scanned with CamScanner

**निर्णय नं. १**

विश्व महामारी कोभिड-19 को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको आवागमन निषेधवाट आय आर्जन गुम्न गई दैनिक जीवन यापन खतरामा परेका परिवारहरुको लागि राहत कार्यक्रम संचालन गर्ने सम्वन्धमा मिति २०७६/१२/१६ को नेपाल सरकार, मन्त्रिपरिषद वैठकवाट स्थानीय तहहरुलाई जिम्मेवारी तोकिएवमोजिम सो सम्वन्धी कार्यका लागि देहाय अनुसार गर्ने निर्णय गरियो ।

१)कोभिड-19 रोकथाम तथा नियन्त्रणको क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहात उपलब्ध गराउने सम्वन्धी मार्ग दर्शन-२०७६ को वुँदा नं. १ को १.१ वमोजिमको परिभाषा भित्र पर्ने यस नगरका विपन्न परिवारको तथ्यांङ्क विवरण वडा कार्यालय मार्फत अद्यावधिक गर्ने निर्णय गरियो ।

२)राहत उपलब्ध गराउने सम्वन्धी मार्गदर्शन-२०७६ को वुदा नं.१ को १.२ को परिभाषा भित्र पर्ने व्यक्तिहरुको विवरण ७ (सात) दिन भित्र वडा कार्यालयहरुले नगरपालिकालाई उपलब्ध गराउने र सो आधारमा राहत प्याकेज उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २**

नगर गौरवको आयोजनाको रुपमा रहेको पुष्पलाल पार्क देखि कोलञ्जोर घाट सम्मको सडक निर्माण तथा स्तरोन्नति गर्ने कार्यका लागि नगर कार्यपालिकाको मिति २०७५/९/२३ को वैठकबाट नगर प्रमुखज्यूको संयोजकत्वमा गठित व्यवस्थापन समितिको मिति २०७७/१/४ गते वसेको वैठकवाट भएको निर्णय र अनुसुची- १ वमोजिमको आम्दानी खर्च समर्थन गर्ने निर्णय गरियो । साथै उक्त आयोजनावाट भएको आम्दानी रकमवाट पून: सोही योजनालाई सूचारु गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ३**

आगामी आ.व. ०७७/७८ का लागि समपुरक कोष र विशेष कोष तर्फ देहायका योजनाहरु छनौट गरी प्रदेश सरकार समक्ष पठाउने निर्णय गरियो ।

**क) समपूरक कोष तर्फ**

१.चाम्वोट-च्यास्कु-कोलञ्जोरघाट सडक वडा नं ७, ६ र ५

२. गोगनेडाँडा-रातोडाडा-चण्डीडाँडा सडक वडा नं. १

३. भिमसेनस्थान मन्दिर परिसर निर्माण तथा पूर्वाधार विकास, वडा नं. -९

४. पशुपति मन्दिर पुर्वाधार निर्माण, वडा नं.-८

**ख) विशेष कोष तर्फ**

१. लाम्पाते खानेपानी योजना वडा नं. ६

२.लिखु माझिगाँउ खानेपानी योजना वडा नं. ५

३. धनेघाट माझिगाँउ लिफ्ट सिँचाई, वडा नं.- ७

Scanned with CamScanner

**निर्णय नं. ४**

कोरोना भाईरस रोकथाम तथा नियन्त्रणका क्रममा खटिने यस नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मी तथा अन्य सम्वन्धीत कर्मचारीका लागि महामारीको अवधि भर देहायवमोजिमको थप प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. नगरपालिकाले स्थापना गरेको हेल्प डेस्कमा खटाईएका स्वास्थ्यकर्मीहरुलाई - तलवस्केलको १०० प्रतिशत

२.नगरपालिकाको स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाहरुको प्रमुख र नगर कार्यपालिकाको कार्यालयमा सो महामारी नियन्त्रण तथा रोकथामका लागि खटाईएका सवारी चालक, कार्यालय सहयोगी, प्रशासन शाखा, लेखा तथा स्टोर सँग सम्वन्धित अन्य कर्मचारीहरुका लागि – तलवस्केलको ७५ प्रतिशत

३. स्वास्थ्य संस्थामा कार्यरत अन्य स्वास्थ्यकर्मी तथा अन्य सम्वन्धित कर्मचारीहरुका लागि – तलवस्केलको ५० प्रतिशत

**निर्णय नं. ५**

वर्तमान विषम परिस्थितिमा हाल वजारमा खाद्यान्न लगायतका अत्यावश्यक सामग्रीहरुमा अधिक मूल्य वृद्धि भईरहेको भन्ने जनगुनासो आएकोले नगर उद्योग वाणिज्य संघको समन्वयमा नगर क्षेत्र भित्रका प्रमुख वजार केन्द्रहरुमा वजार अनुगमन समितिबाट तत्काल अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

यस नगरपालिका भित्र वसोवास गर्ने नागरिकहरुमध्ये लामो समय नियमित रुपमा औषधी सेवन गर्नु पर्ने दीर्घ रोगीहरु ( प्रेशर, सुगर, मानशिक रोग, मुटुरोग, दम) ले आफुले सेवन गरेको औषधीको नाम र परिमाण नजिकैको स्वास्थ्य संस्था तथा वडा कार्यालय मार्फत नगरपालिका स्वास्थ्य शाखामा २०७७/१/१० गते भित्र उपलब्ध गराउन सम्वन्धीत सवैमा जानकारी गराउने निर्णय गरियो ।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि, २०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको ।

.............................
दिपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

अनुसूचि-१

(निर्णय नं २ सँग सम्बन्धित)

## नगर गौरवको आयोजना पुष्पलाल-कोलन्जोरघाट सडकको २०७६ चैत्र मसान्त सम्मको आम्दानी खर्चको विवरण

१) स्काभेटर मेशिनः- १,८०६ घण्टाको २,००० का दरले ३६,१२,०००।-

२) ब्याक लोडरः १,००५ घण्टाको १,२०० का दरले १२,०६,०००।-

३) ब्रेकर २० दिनको ७,००० का दरले १,४०,०००।-

जम्माः- ४९,५८,०००।- (हाल सम्म आम्दानी बाँधेको १३,९६,११६।- र आम्दानी बाँध्न बाँकी ३५,६१,८८४।-)

| | | |
|---|---|---|
| ४) | इन्धनः ४५,२३,९२९।- | (हाल सम्म भुक्तानी ३५,०४,८८१।- र भुक्तानी हुन बाँकी रकम रु.१०,१९,०४८।-) |
| ५) | अपरेटर (निमा): ३,६१,२००।- | १,८०६ घण्टाको (हाल सम्म भुक्तानी लिएको ३,०६,०००।- बाँकी ५५,२००।-) |
| ६) | अपरेटर (चित्र): १,५०,७५० | (१००५ घण्टाको १५० का दरले) हाल सम्म भुक्तानी ७७,५५० भुक्तानी भएको र ७३,२००।-) |
| ७) | सहायकः ३,९९,६००।- | (हाल सम्म भुक्तानी लिएको ३,९९,६००) |
| ८) | पाईपः १,२७,०००।- | भुक्तानी हुन बाँकी १,२७,०००।- |
| ९) | खाजा खानाः १,०६,८००।- | (हाल सम्म भुक्तानी भएको ३०,४००।- र भुक्तानी हुन बाँकी ७६,४००।- |
| १०) | मर्मतः- ९१,५०१।- | (हाल सम्म ९१,५०१ भुक्तानी भएको ) |
| ११) | ग्रिजः ५९,५००।- | (भुक्तानी भएको ३२,०००- र भुक्तानी हुन बाँकी २७,५००।- नयाँ ग्रीज बाँकी छ।) |
| १२) | अन्यः २८,६८०।- | हाल सम्म भूक्तानी भएको २८,६८०।- (५,००० घरको क्षति वापत बलराम नेपालीलाई र हेरालु -गोपाल कार्की र ज्ञान बहादुर कार्की २ जनाको पारिश्रमिक २३,६८०।-) |

१३) लक्ष्मण (ट्रिपर चालक)- २०,०००। -हाल सम्म भूक्तानी भएको २०,०००।-

१४) होडिङवोर्डः ४३,७८०।- (हाल सम्म भूक्तानी भएको ४३,७८०।-

Scanned with CamScanner

१५)  ट्रिपर भाडा: २,०४,०००।-

**माथिको खर्चको पुष्ट्याईका आधारहरु:-**

- हाल सम्म सम्पन्न भएको कामको विवरण १,५५,५०३।- घनमिटर
- मेशिनको क्षमता अनुसार हुनुपर्ने कामको विवरण १,५०,४००।-घनमिटर (मेशिनको क्षमता ठूलोको ७१ घनमिटर प्रति घण्टा सानोको ३५ घनमिटर प्रति घण्टाको दरले मूल्यांकन गरिएको) ठूलो मेशिनको काम गरेको घण्टा १६३०, सानो मेशिनको काम गरेको घण्टा १००५ र ब्रेकरको २० दिनमा १७६ घण्टा
- ब्रेकरले गरेको कामको विवरण १४७३ घनमिटर (१७६ घण्टा) प्रति घण्टा ७.५ घनमिटरको दरले काम गरेको ।
- इन्धनको लागि भएको खर्च: ठूलो मेशिनको १८०६ घण्टा काम गर्दाको प्रति घण्टा २० लिटरको दरले जम्मा ३६,१२० लिटर, सानो मेशिनको १००५ घण्टाको प्रति घण्टाको ९ लिटरको दरले ९,०४५ लिटर र मेशिन मर्मत सम्भार तथा आवतजावतको लागि ५०० लिटर (औषतमा) गरी जम्मा लिटर ४५६६५ लिटरको औषत मूल्य रु.१००।५० का दरले हुन आउने जम्मा रु. ४५,८९,७७९।-
- सहायक अपरेटर २ जनाको २०७६ श्रावण देखि चैत्र महिना सम्म गरी जम्मा ९ महिनाको प्रति महिना ४४,४००।- का दरले जम्मा ३,९९,६००।-
- योजनामा विनियोजन भएको जम्मा रकम रु. १,००,००,०००।-
- योजनामा भएको जम्मा खर्च रकम रु. १,१०,७४,७४०।-
- योजना सञ्चालनवाट भएको जम्मा आम्दानी रकम रु.४९ लाख ५८ हजार आन्तरिक कोषमा आम्दानी वाँधी वढी भएको खर्च रकम रु १०,७४,७४० आन्तरिक कोषबाट ब्यहोरी वाँकी भएको खुद आम्दानी ३८,८३,२६०।- वाट उक्त योजनालाई निरन्तरता दिने ।